## शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशन मिति :–२०७६/०२/०१**

वाटरएड नेपाल र चौरीदेउराली गाउपालीको सहकार्यमा एकिकृत शहरी विकास केन्द्र काठमाण्डौ द्धारा संचालीत खानेपानी तथा सरसफाइ योजनाको लागि आवश्यक हार्डवयर सामाग्री तथा औजारहरु, सिमेन्ट, छड, जि.आइ पाइप, अन्य निमार्ण सामाग्री तथा फिटीङ्गसहरु तल उल्लेखित सर्तहरुको अधीनमा रही आपुर्ति गर्न इच्छुक तथा योग्य आपुर्तिकर्ता अधिकृत विक्रेता वा हार्डवयर सप्लायर्स कम्पनी तथा फर्महरुलाई रितपुर्वक सिलवन्दी दरभाउपत्र पेश गर्नको लागी यो सुचना प्रकाशित गरीएको छ ।

<u>सर्तहरु :</u>

१) अद्यावधिक गरेको ईजाजतपत्रको प्रतिलिपि, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी नोटरी प्रमाणित गराई निवेदन सहित एकिृकत शहरी विकास केन्द्र गुसीङगाल ललितपुरमा बोलपत्र फारम वापतरु.२,०००। (दुई हजार) (फिर्ता नहुने गरि)नगद दस्तुर तिरेपछि बोलपत्र सम्वन्धि फारम उपलव्ध हुनेछ ।

२) उक्त दरभाउपत्र फारम बोलपत्रमा उल्लेखित सामग्रीहरुको कारोबार गर्ने इजाजत प्राप्त सप्लायर्सले मात्र खरिद गर्न तथा पेश गर्न पाउनेछन् ।

३) एक फर्म वा सप्लायर्सको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा सप्लायर्सको नाममा दर्ता गरिने छैन ।

४) सिलबन्दि दरभाउपत्र फारमसुचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति२०७६जेष्ठ १४ गते दिउँसो४:०० बजे भित्र एकिकृत शहरी विकास केन्द, गुसीङ्गाल ललितपुरबाट खरिद गर्न सकिनेछ ।

५) खरिद गरेको दरभाउपत्र फारममा उल्लेख भएका सबै विवरणहरु स्पष्ट रुपमा भरीदरभाउपत्रको प्रत्येक पानामा, प्रोपाइरटरको दस्तखत तथा फर्मको छाप लगाई सिलबन्दि (लाहाछाप लगाई) खामको बाहिर फर्म वा सप्लायर्सको नाम र ठेगाना खुलाई आपूर्तिकर्ता तथा सप्लायर्सले सहिछाप गरि प्रथमपटक सूचना प्रकाशित भएको मितिले१६ औं दिन अर्थात मिति २०७६जेष्ठ१६ गते दिनको ३:०० बजे भित्र पेश गरि सक्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।

६) सिलबन्दी दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा मिति २०७६जेष्ठ१७ गते दिउँसो १:०० बजेएकिकृत शहरी विकास केन्द, गुसीङ्गाल ललितपुरकोकार्यालयमा खोलिने छ । यदि सार्बजनिक बिदा वा अन्य कारणले सोहि दिन शिलबन्दि दरभाउपत्र नखोलिएमा अर्को कार्यालय खुल्ने दिन खोलिनेछ । शिलबन्दी दरभाउपत्र खोल्दा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७) सिलबन्दी दरभाउपत्र का साथमा सुचनामा उल्लेख भए बमोजिम रकम (रु ८५,०००/-) अर्नेष्ट मनी (धरौटी) वापत एकिकृत शहरी विकास केन्द्रको नेपाल इन्भेस्टमेण्ट बैंकमा रहेको खाता नं. ००४०५०१००८२१२२ मा जम्मा गरेको बैंक भौचर अथवा सोहि रकम बरावर यस संस्थाको नाममा जारी गरिएको Bank Guarantee अनिवार्य रुपमा समावेश भएको हुनु पर्ने पर्नेछ । यदिसिलबन्दि दरभाउपत्र खोल्दा धरौटी रकम जम्मा नगरेकोपाईएमा उक्त दरभाउपत्र खरिद प्रकृयामा समावेश गरिनेछैन् ।

८) कुनै शर्त राखिएको, म्याद नाघि आएको वा रित नपुगेको सिलवन्दी दरभाउ पत्र उपरपनि खरिद प्रकृयामा समावेश गरिनेछैन् ।

९) सिलवन्दी दरभाउपत्र फारम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार खानेपानी तथा सरसफाइ परियोजनाको खरिद समितिमा सुरक्षित रहनेछ ।

१०) सामग्रीहरु काभ्रे जिल्लाको चौरीदेउराली गाउपालीका भित्र रहेका खानेपानी तथा सरसफाइ योजना स्थलहरुसम्म ढुवानी गर्ने जिम्मा सम्बन्धित फर्म वा सप्लायर्सको हुनेछ । सामग्रीहरु खानेपानी तथा सरसफाइ योजनाहरुमा परियोजनाले तोकेको व्यक्तिलाई सप्लायर्सले जिम्मा दिनु पर्नेछ ।

११) सम्झौता गरेको मितिले कार्यालयले तोकेको दिन भित्र सम्पूर्ण सामग्रीहरुको तोकिएको स्थानमा डेलिभरि दिनु पर्नेछ । र सिमेन्टको हकमा खरिद आदेश अनुसार एउटा गाडीलाई पुरा लोड पुग्नेगरी बढीमा १५० वोरा सम्म ढुवानी गर्न छुटै कार्यादिश दिइने छ । यस सम्वन्धी सम्पुर्ण खरिद आदेश सम्झौता भएको ६ महिना भित्र जारी गरिसकिने छ । अन्य सामाग्रीको हकमा तोकिएको समयमा डेलिभरि नदिएमा अर्नेष्टमनि तथा कार्यसम्पादन जमानत जफत गरि ठेक्का तोड्न सकिनेछ ।

१२) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परे अक्षरमा उल्लेख गरिएको दररेटलाई मान्यता दिइनेछ ।

१३) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु परियोजनाकोखरिद नियमावली अनुसार हुनेछ ।

| क्र.सं. | सामग्रीहरुको विवरण | अनुमानित बजेट (भ्याट र ढुवानी सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १. | खानेपानी तथा शौचालयनिर्माण सामग्री( सिमेन्ट, छड, पाइप, फिटिङ्ग, टुल्स) | ३४,००,०००।०० | ८५,०००/– | २,०००/– |

**विस्तृत जानकारीको लागि :–** एकीकृत शहरी विकास केन्द्रको कार्यालय गुसींगाल ०१५५२८२२६
:–खानेपानी तथा सरसफाइ परियोजना, चारीदेउराली गाउपालीका ०४७६९१८७१....

Centre for Integrated Urban Development (CIUD)
.........fostering liveable cities

Centre for Integrated Urban Development
Gusingal, Sanepa, Lalitpur
01-5528226, 5013149, 5013099, 5013112
www.ciud.org.np email: info@ciud.org.np

***दरभाउपत्र  सम्वन्धी सामान्य शर्तहरुः***

१. एक फर्म वा सप्लायर्सको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा सप्लायर्सको नाममा दर्ता गरिने छैन ।

२. दरभाउपत्र पेश गर्न इच्छुक फर्म, उत्पादक, आपूर्तिकर्त्ता, अभिकर्त्ता, विक्रेताहरु अनिवार्य रुपमा नेपाल सरकारले तोकेको प्रारुपमा दर्ता भएको हुनुपर्नेछ । साथै दरभाउपत्र खरिद तथा पेश गर्न वारेशनामा मार्फत गराउने भए नियमानुसारको अख्तियारनामा अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । दरभाउपत्र मा समावेश गरिनुपर्ने भनी सूचनामा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र फाराम रु.२,०००। (अक्षेरेपी दुई हजार रुपैंया मात्र) (फिर्तानहुने) तिरी एकिकृत शहरी विकास केन्द्र बाट सूचना प्रकाशित मितिले १४ औं दिन अर्थात २०७६जेष्ठ१४गतेदिउँसो०४:०० बजे भित्र खरिद गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्र  खाममा शिलबन्दि (लाहछाप) गरी सामान्य शर्तहरुको अधिनमा रहि सूचना प्रकाशित मितिले १६ औंदिन अर्थात मिति २०७६जेष्ठ १६ गत दिनको ३:०० बजे भित्र कार्यालयमा पेश गर्नु पर्नेछ, यदि उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगतै अर्को कार्यालय खुल्ने दिन पेश गर्नु पर्ने छ । समय भन्दा पछि र रीत नपुगी आएको दरभाउपत्र  उपर कुनै कार्यवाही गरिने छैन ।

५. दरभाउपत्रकासाथमा सुचनामा उल्लेख भए बमोजिम  रकम (रु ८५,०००/-) अर्नेष्ट मनी (धरौटी) वापत एकिकृत शहरी विकास केन्द्रको नेपाल इन्भेस्टमेण्ट बैंकमा रहेको खाता नं. ००४०५०१००८२१२२ मा जम्मा गरेको बैंक भौचर अथवा सोहि रकम बरावर यस संस्थाको नाममा जारी गरिएको Bank Guarantee अनिवार्य रुपमा समावेश भएको हुनु पर्ने पर्नेछ । यसरी प्राप्त हुने बैंक जमानतको म्याद दरभाउपत्र  दाखिल गरेको दिनबाट कम्तिमा १८० दिनको म्याद रहेको हुनुपर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएको सातौं दिन भित्र तोकिएको प्रकृया पुरागरी ठेक्का सम्झौता गर्नुपर्नेछ । तोकिएको समयभित्र सम्झौता नगरेमा अर्नेष्ट मनि वापतको रकम जफतगरि ठेक्का तोडि नियमानुसारको प्रकृया अवलम्वन गरिनेछ ।

७. ठेक्का सम्झौता भए पछि यथासक्य छिटो अन्य फर्मको अर्नेष्ट मनिवापतको धरौटी फिर्त्ता वा फुक्का गरिनेछ ।

८. दरभाउपत्र दाताले दरभाउपत्र मा नेपाली मुद्रामा दरभाउ उल्लेख गर्नु पर्नेछ । साथै दरभाउमा सरकारले तोकेको सम्पूर्ण प्रचलित करहरु समावेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र मा उल्लेख भएका सामग्रीहरुमा लाग्ने चुंगी कर, ठेक्का कर, रोयल्टी र सामान धुवानी जस्ता व्ययभारहरु सम्वन्धित दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१०. दरभाउपत्र  तथा यसमा रहेका सामग्रीहरुको मापदण्ड नेपाली या अंग्रेजी जुन भाषामा पनि संलग्न गर्न सकिनेछ ।

११. दरभाउपत्र पेश गर्दा दरभाउपत्र दाताले दरभाउपत्र फारामका हरेक पेजमा सहि छाप गर्नु पर्नेछ । साथै आवश्यक कागजत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२. सम्झौता गरेको मितिले कार्यालयले तोकेको दिन भित्र सम्पूर्ण सामग्रीहरुको तोकिएको स्थानमा डेलिभरि दिनु पर्नेछ । र सिमेन्टको हकमा खरिद आदेश अनुसार एउटा गाडीलाई पुरा लोड पुग्नेगरी बढीमा १५० वोरा सम्म ढुवानी गर्न छुटै कार्यादेश दिइने छ ।यस सम्वन्धी सम्पुर्ण खरिद आदेश सम्झौता भएको ६ महिना भित्र जारी गरिसकिने छ । अन्य सामाग्रीको हकमा तोकिएको समयमा डेलिभरि नदिएमा अर्नेष्टमनि जमानत जफत गरि ठेक्का तोड्न सकिनेछ ।

१४. दरभाउपत्र मा मुल्य कवोल गर्दा नेपाली मुद्रामा अंकित गर्नुपर्नेछ । यसरी अंकित गर्दा अंक तथा अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । उल्लेख गरेको रकम अंक र अक्षरमा फरक भएमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ ।

१५. तोकिएको तथा थपिएको समय भित्र सामग्री डेलिभरि नगरेमा प्रति रु. १ लाखमा प्रतिदिन रु. १०० का दरले जरिवाना गरिनेछ ।

१६. दरभाउपत्र मा उल्लेख गरिएका सामग्रीहरु दरभाउपत्र दाता बाट बुझिलिंदा दरभाउपत्र फाराम साथ उपलब्ध गराइएको स्पेशिफिकेशन मुताबिक रहे नरहेको सम्वन्धमा चौरीदेउरालीमा समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजना संचालन गर्ने सरोकारवालहरुलेतोकेको र सो सम्वन्धि दक्षता प्राप्त व्यक्तिबाट सिफारिसको आधारमा तोकिएको गुणस्तरको भएमात्र डेलिभरि लिनेछ ।

१७. ठेक्का सम्पन्न हुनुपूर्व कुनैपनि कारणले थपहुन आउने व्ययभारको थप भूक्तानी दिन चौरीदेउरालीमा संचालीत समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजना संचालन गर्ने सरोकारवालहरु बाध्य हुने छैन ।

१८. ठेक्का सम्पादन गर्ने क्रममा दरभाउपत्र दाता वा निजको प्रतिनिधले सार्वजनिक वा निजि सम्पत्तिमा कुनै क्षति पुऱ्याई क्षतिपूर्ति दिनु पर्ने भएमा सम्वन्धित दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ । यदि नव्यहोरेमा निजले पाउने भुक्तानी बाट कट्टागरी भुक्तानी दिइनेछ ।

१९. कार्यालयमा दर्ता भएका दरभाउपत्रहरु सम्वन्धित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा सूचना प्रकाशित मिति२०७६ जेष्ठ१७गते दिनको १:०० बजे एकीकृत शहरी विकास केन्द्रको केन्द्रिय कार्यालय, गुसिंगाल ललितपुरमा परियोजनासँग सम्वन्धित सरोकारवालहरुको उपस्थितिमा दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

२०. प्राप्त भएका दरभाउपत्रहरु कारण नदेखाई पूर्ण या आंशिक रुपमा स्वीकृत या अस्वीकृत गर्ने पूर्ण अधिकार चौरीदेउरालीमा सञ्चालित समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजनाकोखरिद समितिमा सुरक्षित रहनेछ।

२१. कम मूल्य अंकित गरेको लाई मात्र आधार बनाएर दरभाउपत्र स्वीकृत गर्न चौरीदेउरालीमा समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजनाबाध्य हुने छैन । मुल्याङ्कनमा गुणस्तर तथा दररेट दुवैलाई आधार मानिने छ ।

२२. शर्त राखी पेश गरिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिनेछैन ।

२३. दरभाउपत्र मा उल्लेख गरिएका शर्त तथा परिमाणहरु जुनसुकै बेला सूचना दिएर थपघट गर्ने अधिकार चौरीदेउरालीमा सञ्चालित समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजना रहनेछ ।

२४. छनोट भएको फर्मबाट चौरीदेउरालीमा सञ्चालित समुदायमा आधारीत उत्थानशील एवं दिगो खानेपानी, सरसफाइ र स्वच्छता परियोजनाका लागिथप सामग्री आवश्यक भएमा दरभाउपत्र मा उल्लेख भएको मुल्यमानै थप ६ महिना सम्मको लागि थप सम्झौता गर्न सकिने छ ।

२५. दरभाउपत्रका साथ तपशिलअनुसारका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ :

- प्रमाणित फर्म दर्ताको प्रमाणपत्र (नवीकरण)
- प्रमाणित मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (नवीकरण)
- प्रमाणित करचूक्ताको प्रमाणपत्र
- प्रमाणित नागरिकताको प्रमाणपत्र
- वारेशनामा सक्कल पत्र
- अर्नेष्ट मनी जम्मा गरेको सक्कल बैङ्क भौचर
- विगतमा कहिलेपनि कुनैपनि संस्थाले कालो सुचिमा नराखेको सो–घोषणा